शंखरापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

सेवा इकाई केन्द्र, साँखु, काठमाण्डौ ।

(घटना दर्ता शिविर संचालनका लागि दर्ता अपरेटर र सहयोगी पद सेवा करारमा भर्ना लिन दरखास्त आह्वानको सुचना)

(सुचना प्रकाशित मिति २०७८/१२/०४)

यस शंखरापुर नगरपालिकामा छुटेका व्यक्तिगत घटना दर्ता गर्न, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न छुटेका योग्य लाभग्राहीलाई समेट्न र व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रममा लाभग्राहीको पहुँच बढाई नागरिकको नजिक पूर्ण रुपमा अनलाईनमा आधारित सेवा पुर्‍याउने उद्देश्यले नगरपालिकाको प्रत्येक वडाका बस्तीस्तरमा दर्ता शिविर संचालन कार्य गर्न सो कार्यक्रम अवधिभर दर्ता अपरेटर तथा सहयोगी कर्मचारी खुल्ला प्रतिस्पर्धाद्बारा दैनिक ज्यालादारीमा भर्ना गर्नुपर्ने भएकाले देहाय बमोजिमका योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट मिति २०७८/१२/०४ गतेदेखि २०७८/१२/१० गतेसम्म यस शंखरापुर नगरपालिकाको प्रशासन उपशाखामा कार्यालय समय भित्र स्वयं उपस्थित भई हस्तलिखित निवेदन सहित आवश्यक कागजात पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ ।

सि.न.	विज्ञापन नं.	पद	माग संख्या	न्युनतम योग्यता	आवेदन दस्तुर रु
१	८/२०७८/०७९	विवरण दर्ता अपरेटर	२	प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण गरेको हुनुका साथसाथै Email, Internet Ms excel , Ms Word र Unicode चालाउन सक्ने (आफ्नै ल्यापटप भएको व्यक्तिलाई प्राथमिकता दिइने छ)	४००/-
२	९/२०७८/०७९	सहयोगी	२	सामान्य लेखपढ गर्न सक्ने (दुइ पाङ्ग्रे सवारी साधन चलाउन सक्ने व्यक्तिलाई प्राथमिकता दिइनेछ)	३००/-

१. परीक्षाको किसिम र कार्यक्रमः सूचिकरण र अन्तर्वार्ता ।

२. उम्मेदवारको उमेर हद : दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको नेपाली नागरिक

३. सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाहीमा नपरेको स्वयं घोषणा ।

४. सेवा सुविधा : क) विवरण दर्ता अपरेटरका लागि काम गरेको दिनको मात्र दैनिक रु १०८०/- को दरले पारिक्षमिक

ख) सहयोगीका लागि काम गरेको दिनको मात्र दैनिक रु. ७९०|- को दरले पारिश्रमिक दिईनेछ ।

५. अवधीः- दर्ता शिविर सञ्चालन कार्यक्रम अवधीभर ।

६. शंखरापुर नगरबासी तथा नेपाल सरकारका वेव प्रणाली सञ्चालनमा अनुभव भएकाहरुलाई प्राथमिकता दिईनेछ ।

७. दरखास्त फारामसाथ बुझाउनु पर्ने कागजातहरु

क) निवेदन पत्र,

ख) नेपाली नागरिकता प्रमापत्र,

ग) न्यूनतम शैक्षिक योग्यताको लब्धांकपत्र .Transcript。, चारित्रिक प्रमाणपत्र . Character Certificate 。, (विदेशी शैक्षिक संस्थाबाट उत्तीर्ण गर्नेको हकमा समकक्षताको प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्ने),

घ) वायो — डाटा,

ङ) फोटो - २ प्रति

च) तालिम र अनुभवका प्रमाणपत्रहरु (यदि उपलब्ध भएमा) ।